
श्रम तथा रोजगार सम्बन्धी
स्थानीय सरकारको जिम्मेवारी
स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको जिम्मेवारी
सूचना, सीप, वित्तीय साक्षरता, तथ्यांक संकलन, सामाजिक पुन:एकिकरण
एकिकृत श्रम तथा रोजगार (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि-२०८०
रोजगार प्रवर्द्धन, उद्यमशीलता प्रवर्द्धन, सीप, आप्रवासन र श्रम तथा रोजगार वारे एकिकृत सेवा प्रवाह
रोजगारीको हक सम्बन्धी ऐन/नियमावलीले दिएको जिम्मेवारी
रोजगारी/सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना, आर्थिक सहायतामा सहजीकरण,
वैदेशिक रोजगार नियमावली-२०७५ (पाँचौ संसोधन) ले दिएको जिम्मेवारी
कल्याणकारी रकम सिफारिस, छात्रावृत्ति
पुन: एकिकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९
पुन:एकिकरण सम्बन्धी कार्यक्रम
मौसमी कामदार सम्बन्धी स्थानीय सरकारको जिम्मेवारी
कामदार छनौट सहजिकरण
श्रम स्वीकृतीको आवेदन भर्ने
श्रम स्वीकृति तथा पुन:श्रम स्वीकृतिको प्राप्त गर्न सहयोग

## स्थानीय सरकार सञ्चालन ऐन परिच्छेद ३, दफा ११ 'उपदफा', २ (थ) बमोजिम नगरपालिका र गाउँपालिकाले वैदेशिक रोजगारसँग सम्बन्धित निम्न काम गर्छन् :

### १ सूचना तथा तथ्याङ्क सङ्कलन र व्यवस्थापन



रोजगार तथा बेरोजगार श्रम जनशक्तिको तथ्याङ्क



आफ्नो कार्यक्षेत्रमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको तथ्याङ्क



विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क

### २ रोजगार सूचना केन्द्र व्यवस्थापन र सञ्चालन

- सूचना केन्द्रमा रहेका तथ्याङ्कहरुको प्रशोधन, विश्लेषण र रोजगारी सिर्जनामा उपयोग



- विदेशमा काम गरेर फर्केका नागरिकले प्राप्त गरेको ज्ञान र सीपलाई उपयोग गरी स्थानीय तहमा उद्यमशीलताको विकास र विस्तार



### ३ वित्तीय साक्षरता र सीपमूलक तालिम सञ्चालन




### ४ सामाजिक पुन:एकीकरण




### ५ ज्ञान, सीप र उद्यमशीलताको उपयोग









सामी कार्यक्रमका सेवाहरु
सूचनामा पहुँच
▪सूचना तथा परामर्श
▪कागजात तथा प्रमाणको सुरक्षा
▪मागपत्र, भिषा तथा श्रम जाँच
न्यायमा पहुँच
•न्यायका लागि सहजीकरण
•खोजी, उद्धार, भनेको काम र तलव
•शव मगाउने, आर्थिक सहायता
सीपमा पहुँच
▪ खाना र बास सहितको ३० दिने नि:शुल्क तालिम
मनोसामाजिक परामर्श
▪पिर चिन्ता हटाउने,
▪आत्महत्याका जोखिम घटाउने,
▪पारिवारिक कलह व्यवस्थापन,
वित्तीय साक्षरता
▪फजुल खर्च घटाउने, वचत बढाउने,
▪परिवारको वित्तीय लक्ष्य बनाउने,
▪उत्पादनमूलक क्षेत्रमा लगानी,

# वैदेशिक रोजगारी मोबाईल एप्लिकेसन

प्रवासी कामदारलाई लक्षित गरी बनाईएको "वैदेशिक रोजगारी" नामको मोबाईल एप्लिकेसन आफ्नो मोबाईलमा डाउनलोड गरी वैदेशिक रोजगारसंग सम्बन्धित आवश्यक सूचना तथा सहयोग प्राप्त गर्न सकिन्छ ।

"वैदेशिक रोजगारी" को मोबाईल एप्लिकेशनबाट वैदेशिक रोजगार बारे सूचना, गुनासाहरू, ईजाजत प्राप्त संस्थाहरू, अभिमुखीकरण संस्थाहरू, पुन: श्रम स्वीकृति लगायत महत्वपूर्ण सम्पर्कहरूका बारेमा आधिकारिक जानकारी प्राप्त गर्न सकिन्छ ।





## श्रम स्वीकृति जाँच गर्ने तरिका: ३४००१ मा SMS गर्ने





श्रम स्वीकृति जारी भएको छ कि छैन भन्ने कुरा मोबाईलबाट एस. एम. एस. (SMS) गरेर तुरून्तै थाहा पाउन सकिन्छ । श्रम स्वीकृति भएको भएमा काम / पद, काम गर्ने कम्पनी, जान लागेको देश, श्रम स्वीकृति जारी भएको मिति, तलब, लागत खर्च र म्यानपावर कम्पनीको बारेमा मोबाईल एस. एम. एस. (SMS) मार्फत जानकारी पाउन सकिन्छ ।

**जानकारी लिने तरिका:** मोबाईलको एस. एम. एस. (SMS) पठाउने ठाँउमा जाने र PP टाइप गरी एक स्पेस (Space) दिइ राहदानी नम्बर टाइप गरी ३४००१ मा पठाउने ।

## विगत ३ आर्थिक बर्षको वैदेशिक रोजगारीमा गएकाहरुको विवरण




## विगत ३ आर्थिक बर्षको वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको विवरण




# कागजपत्र छोड्ने


वैदेशिक रोजगारीमा जाँदा महत्त्वपूर्ण कागजपत्रहरुको केही प्रति परिवारलाई अवश्य दिनुहोस् ।




- पासपोर्ट




- भिसाको फोटोकपी




- बीमाको पोलिसी




- कल्याणकारी कोषमा जम्मा गरेको रकमको रसिद




- रोजगार व्यवसायीलाई बुझाएको रकमको रसिद वा भर्पाई




- श्रम स्वीकृति लिँदा प्राप्त हुने युजरनेम र पासवर्ड
- श्रम स्वीकृति पत्रको फोटोकपी




- रोजगार व्यवसायीसँग गरेको सम्झौता पत्र



- मेडिकल रिपोर्ट

**विदेशमा अलपत्र पर्दा, बिरामी पर्दा वा कुनै पनि खालको अप्ठेरो पर्दा यी कागजपत्रले तपाईंको सहायता र उद्धार गर्न सहयोग गर्छन् ।**

# वैदेशिक रोजगार वोर्डले प्रदान गर्ने आर्थिक सहायताहरू

## वैदेशिक रोजगारीमा गएका कामदार र तिनका परिवारका लागि

### अङ्गभङ्ग भएका कामदारलाई क्षतिपुर्ति

**आवश्यक कागजात**

१. वैदेशिक रोजगार विभागको पत्र, श्रम स्वीकृतीको स्टीकर, श्रम स्वीकृतीको पत्र र करार सम्झौता पत्र
२. अङ्गभङ्गभएको प्रमाण (नेपाली दुतावास, सम्बन्धित देशको निकाय/अस्पताल बाट प्राप्त)
३. कामदारको पासपोर्ट, नागरिकता र पासपोर्ट साइजको फोटो
४. घाउ चोटपटक देखिने फोटो
५. नेपालको सरकारी अस्पतालमा उपचार गराएको प्रमाण

निवेदन दिने समय: नेपाल फर्केको एक वर्ष भित्र
क्षतिपुर्तिको रकम: अधिकतम रु. ७ लाख
निवेदक: कामदार स्वयं

### बिरामी कामदारलाई उपचार् खर्च

**आवश्यक कागजात**

१. वैदेशिक रोजगार विभागको पत्र, श्रम स्वीकृतीको स्टीकर र श्रम स्वीकृतीको पत्र , करार सम्झौता पत्र
२. उपचार गराएको प्रमाण (नेपाली दुतावास, सम्बन्धित देशको निकाय/अस्पताल बाट प्राप्त )
३. कामदारको पासपोर्ट, नागरिकता र पासपोर्ट साइजको फोटो
४. नेपालको सरकारी अस्पतालमा उपचार गराएको प्रमाण

निवेदन दिने समय: नेपाल फर्केको एक वर्ष भित्र
क्षतिपुर्तिको रकम: अधिकतम रु. ७ लाख
निवेदक: कामदार स्वयं

### कामदारका परिवारलाई उपचार खर्च

**आवश्यक कागजात**

१. वैदेशिक रोजगार विभागको पत्र, श्रम स्वीकृतीको स्टीकर र श्रम स्वीकृतीको पत्र , करार सम्झौता पत्र
२. कामदारको पासपोर्ट र नागरिकता
३. उपचार गराउनु पर्ने परिवारको सदस्यको नागरिकता,फोटो, कामदारसँगको नाता प्रमाणित प्रमाण पत्र
४. नेपालको सरकारी अस्पतालको मेडिकल रिपोर्ट (क्यान्सर, मृगौला, प्रत्यारोपण, मुटुको शल्यक्रिया, पाकिन्सन, अल्जाइमर बिरामीका लागि मात्र)

निवेदन दिने समय: उपचार गराएको एक वर्ष भित्र
रकम: अधिकतम रु. ५० हजार
निवेदक: कामदार स्वयं

### मृतकका परिवारलाई आर्थिक सहायता

**आवश्यक कागजात**

१. वैदेशिक रोजगार विभागको पत्र, श्रम स्वीकृतीको स्टीकर र श्रम स्वीकृतीको पत्र , करार सम्झौता पत्र
२. कामदारको मृत्यु दर्ताको प्रमाण पत्र (गाउँपालिका/नगरपालिका) पासपोर्ट र नागरिकता
३. मृत्युको प्रमाण (नेपाली दुतावास, सम्बन्धित देशको निकाय/अस्पताल), भन्सारको पत्र
४. हकवालाको नागरिकता, फोटो मृतक सँगको नाता प्रमाणित र कामदार अविवाहित भए सो को प्रमाण

निवेदन दिने समय: शव ल्याएको एक वर्ष भित्र
रकम: रु. ७ लाख ( २०७४ श्रावण १६ देखि)
निवेदक: श्रीमान/श्रीमती (कामदार विवाहित भए), आमा/बुवा (कामदार अविवाहित भए)

### कामदारको शव घरसम्म पुऱ्याउने

**आवश्यक कागजात**

१. निवेदकको नागरिकता
२. कामदारको पासपोर्ट

निवेदन दिने समय: विदेशबाट कामदारको शव आउने अधिल्लो दिन वा सोहि दिन ।
निवेदक: कामदारको आफन्त

वोर्डले प्रदान गर्ने आर्थिक सहायता २०७४ साउन १६ देखि लागु हुने गरी श्रम अवधि सकिएको १ वर्ष भित्र विदेशमा वा नेपालमा कामदार दुर्घटनामा परि अंगभंग/विरामी वा मृत्यु भएमा तिनका परिवारले आर्थिक सहायता पाउनेछन् ।

### मृतक/पूर्ण अशक्त कामदारका छोराछोरीलाई छात्रवृत्ति

**आवश्यक कागजात**

१. कामदारको पासपोर्ट, श्रम स्वीकृतीको स्टीकर
२. वैदेशिक रोजगारमा गएको कामदारको मृत्यु वा पूर्ण रुपमा अशक्त भएको अवस्था खुल्ने प्रमाण
३. निवेदकको पासपोर्ट साइजको फोटो र कामदार सँगको नाता प्रमाणित
४. निवेदकको संरक्षकको नागरिकता
५. वैदेशिक रोजगार वोर्डबाट आर्थिक सहायता लिएको प्रमाण
६. सम्बन्धित विद्यालयको सिफारिस

निवेदन दिने निकाय : सम्बन्धित विद्यालय,
समय : वैदेशिक रोजगार वोर्डको सूचना अवधि भित्र,
रकम : रु.१२ हजार (आधारभूत तह) र रु.१६ हजार (माध्यमिक),
निवेदक : कामदारको छोरा र छोरी

# वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका कामदारका परिवारले नेपालको बीमाबाट पाउने बीमाको रकम

Source: www.fepb.gov.np & www.bsib.org.np

### बीमाले समेट्ने गर्ने घातक रोगहरु

✓ क्यान्सर ✓ किड्नी फेल
✓ प्राइमरी पलमनरी आरटेरियल हाइपरटेन्सन (उक्त रक्तचाप) ✓ ब्रेनट्युमर
✓ मल्टीपल स्क्लेरोसीस ✓ कोमा
✓ प्रमुख अंग प्रत्यारोपण ✓ पूर्ण अन्धोपन
✓ कारोनरी आर्टेरी बाइपास ग्राफ्टस् (मुटुमा रक्त संचार गर्ने धमनिमा मैन जस्तो पदार्थ जम्मा हुनु) ✓ स्ट्रोक ✓ प्यारालाइसिस
✓ एओन्टा ग्राफ्टस सर्जरी (धमनिको अप्रेसन)
✓ मुटुको भल्भसर्जरी
✓ म्योकार्डीनल इन्फाक्सन (पहिलो हटअट्याक)
✓ गम्भीर दुर्घटनाले गराउने मानसिक समस्या

सबैले पाउने

बीमितको आयको नोक्सानी बापत
**२ लाख**

सबैले पाउने

जिवन बीमा मार्फत
**१० लाख**



शव ल्याउने खर्च बापत
**१ लाख**

शव ल्याउदाको हवाई टिकट अनुसार (बढीमा १ लाख सम्म पाउने)

औषधी उपचार खर्च बापत
**१ लाख**

कामदारको उपचार गराउदा गराउदै मृत्यु भएको भए उपचार गराएको बिल र मेडिकल रिपोर्टको आधारमा (बढीमा १ लाख सम्म पाउने)

किरिया खर्च बापत
**१ लाख**

सबैले पाउने

\+ घातक रोग मार्फत
**५ लाख**

उल्लेखित रोगहरु लागेर मृत्यु भएको खण्डमा मात्र

### आवश्यक कागजात

१. वैदेशिक रोजगार विभागको सिफारीस पत्र, श्रम स्वीकृतीको स्टीकर र श्रम स्वीकृतीको पत्र, करार सम्झौता पत्र
२. कामदारको मृत्यु दर्ताको प्रमाण पत्र (गाउँपालिका/नगरपालिका) पासपोर्ट र नागरिकता
३. मृत्युको प्रमाण (नेपाली दुतावास, सम्बन्धित देशको निकाय/अस्पताल), भन्सारको पत्र र हवाई टिकट
४. हकवालाको नागरिकता, फोटो मृतक सँगको नाता प्रमाणित र कामदार अविवाहित भए सो को प्रमाण

# सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आधिकारिक जानकारीका लागि श्रम कल सेन्टर



callcenter@feb.gov.np

www.facebook.com/molcallcenter

www.twitter.com/mol_callcenter

+९७७-९८०१८०००१३

+९७७-९८०१८०००१३

+९७७-०१-५९७०००८, +९७७-९८०१८०००१३ (स:शुल्क)

**वैदेशिक रोजगारी सम्बन्धी कुनै गुनासो, समस्या वा आर्थिक सहायता लिने प्रकृया लगायत निम्न बिषयमा आधिकारिक जानकारी चाहिएमा श्रम कल सेन्टरको ११४१ मा सम्पर्क गरौं**

- वैदेशिक रोजगारीको क्रममा मृत्यु तथा अंगभंग भएमा मृतकको नजिकको हकदार/पीडित कामदारले सचिवालयबाट नियमानुसारको आर्थिक सहायता प्राप्त गर्ने प्रकृयाबारे जानकारी लिन,
- बोर्डबाट प्रदान गरिने छात्रवृत्ति, निशुल्क शव ढुवानी लगायत अन्य सेवाहरुबारे जानकारी चाहिएमा,
- विदेशमा अलपत्र वा समस्यामा परेमा कामदारहरुको उद्धार तथा सहयोग प्रकृयाबारे जानकारीका लागि,
- नेपाली राजदूतावास वा नियोगहरुसँग सम्पर्क एवं समन्वयको लागि,
- सीपमूलक तालिम सम्बन्धि जानकारीको लागि,
- पूर्व प्रस्थान अभिमुखीकरण तालिमबारे सम्पूर्ण जानकारी चाहिएमा,
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र मातहतका निकायहरुबाट प्रदान गरिने सेवाहरु बारे जानकारीका लागि ।

**TOLL FREE**

**११४१, १६६००१५०००५**

नेपाल बाट मात्र (फोन गर्दा पैसा नलाग्ने), NTC

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
बैदेशिक रोजगार बोर्डको सचिवालय,
बबरमहल, काठमाडौं
फो:न:०१-५३२०४३३, ५३२०३११
इमेल: info@feb.gov.np
website: www.feb.gov.np

**कल सेन्टर हप्तामा सातै दिन, बिहान ७ बजेदेखि राति ९ बजे बजेसम्म यहाँको सेवामा खुला रहनेछ ।**